# माछापुच्छ्रे गाँउ कार्यपालिकाको विषयगत समितिको बैठक संचालन सम्बन्धी

# कार्यविधि - २०७५

**१. प्रस्तावनाः**

माछापुच्छे गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम ३० बमोजिम माछापुच्छे गाउँ कार्यपालिकाको **विषयगत समितिको बैठक** संचालनको लागि यो कार्यविधि स्वीकृत गरेको छ ।

२. परिभाषा

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "नियमावली" भन्नाले गाउँपालिकाको कार्यसम्पादन नियमावलीलाई सम्झनु पर्दछ ।

(ख) "अध्यक्ष" भन्नाले गाउँपालिकापालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(घ) " समिति" भन्नाले गाउँपालिकाको विषयगत समिति सम्झनु पर्दछ ।

(ङ) "संयोजक " भन्नाले गाउँपालिकाको विषयगत समितिको संयोजक सम्झनु पर्दछ ।

(च) "सह संयोजक " भन्नाले गाउँपालिकाको विषयगत समितिको सह संयोजक सम्झनु पर्दछ ।

(छ) "सदस्य" भन्नाले गाउँपालिकाका विषयगत समितिको सदस्य सम्झनु पर्दछ ।

(ज) "सचिव भन्नाले " भन्नाले गाउँपालिकाको विषयगत समितिको सचिव भएर काम गर्ने कर्मचारी सम्झनु पर्दछ ।

**३. समितिको वैठकः**

३.१ विषयगत समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

३.२ समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ ।

**४. बैठक बस्ने स्थान र समयः**

४.१ संयोजकले समितिको बैठक बोलाउने छ ।

४.२ समितिको बैठकका लागि सूचना गर्दा बैठक बस्ने मिति, समय र स्थान खुलाइ पठाउनु पर्नेछ ।

४.३ यसरी सूचना गर्दा बैठक बस्ने समय भन्दा तीन दिन अगावै सुचना उपलब्ध गराउनु पर्नेछ ।

**५. समितिको सचिवः**

५.१ सम्बन्धित शाखा प्रमुख वा कार्यपालिकाले तोकेको कर्मचारीले समितिको बैठकमा सचिवको रुपमा काम गर्नेछ ।

**६. छलफलको विषयः**

६.१ समितिको बैठक बोलाउँदा सो बैठकमा छलफल गरिने बिषय स्पष्ट रुपले किटान गरी बैठक बस्ने मिति भन्दा सामान्यतया २४ घण्टा अगावै संयोजकले सवै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

६.२ संयोजकको निर्देशनमा सचिवले समितिको बैठकको कार्यक्रम लिखित रुपमा तयार गर्नेछ । प्रस्ताव सम्बन्धी खाका अनुसूची- १ बमोजिम हुनेछ ।

**७. उपस्थितिः**

७.१ बैठकमा उपस्थित प्रत्येक सदस्यले उपस्थिति पुस्तिकामा आफ्नो नाम र बुझिने गरी दस्तखत गर्नु पर्नेछ ।

**८. बैठक संचालन प्रक्रियाः**

८.१ बैठकलाई सुव्यवस्थित गर्ने काम बैठकको अध्यक्षता गर्ने व्यक्तिको हुनेछ ।

८.२ अध्यक्षको आसनको सम्मान र आदर गर्नु समितिका सदस्यको कर्तव्य हुनेछ ।

८.३ बैठकको छलफल विषयसूचीका आधारमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले तोके बमोजिम हुनेछ

८.४ बैठकको छलफलमा भाग लिने सदस्यले पालैपालो राय दिनु पर्नेछ ।

८.५ एक जना सदस्यले बोलिरहेको समयमा अर्को कुनै सदस्यले बीचमा बोल्नु हुँदैन ।

**९. गणपुरक संख्या** (१) दुईतिहाई सदस्य उपस्थित नभई समितिको बैठक बस्ने छैन ।

**१०. समितिको कार्यक्षेत्रः** (१) स्थानीय सरकार संचालन ऐन, २०७४, माछापुच्छ्रे गाउंपालिका कार्य सम्पादन नियमावली २०७४ मा उल्लेख भए बमोजिम हुनेछ ।

**११.समितिको काम कर्तव्य र अधिकारः** (१) समितिले आफ्नो कार्यक्षेत्रको विषयमा निम्नानुसार गर्न सक्नेछ ।

११.१. आफ्नो कार्यक्षेत्रको विषयमा अध्ययन अनुसन्धान गर्ने ।

११.२. सम्बन्धित विषयमा सार्बजनिक महत्व र सरोकारको विषयमा गाउं कार्यपालिका, अध्यक्ष र कार्यपालिका कार्यालयलाई सुझाव दिने ।

११.३. गाउंपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन उपयुक्त राय, सुझाव, दिने ।

११.४. समितिले आफ्नो कार्यसम्पादनको सिलसिलामा कार्यपालिकाको कुनै सदस्य वा कुनै शाखाको प्रमुख कर्मचारीलाई बैठकमा उपस्थित गराई आवश्यक जानकारी लिन सक्नेछ ।

**१२. निर्णय सम्बन्धी व्यवस्थाः**

१२.१ प्रस्ताव माथि राय दिनेकार्य समाप्त भएपछि बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रस्ताव निर्णयको लागि प्रस्तुत गर्नेछ ।

१२.२ बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

**१३. निर्देशन दिनसक्नेः**

१३.१ समितिले आफुले गरेको निर्णय कार्यान्वयनको लागि गाउंकार्यपालिका वा सम्बन्धित शाखालाई निर्देशन दिनसक्ने र यथासम्भव त्यस्तो निर्देशन पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

**१४. निर्णयको अभिलेखः**

१४.१ सचिवले बैठकमा भएको निर्णयलाई निर्णय पुस्तिकामा अभिलेख गरी उपस्थित सदस्यलाई सही गराइ राख्नुपर्नेछ ।**१५.. परिमार्जन तथा संशोधनः** (१) यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

अनुसूची - १

**<u>प्रस्तावको ढाँचा</u>**

(वुंदा ५.२ संग सम्बन्धित)

**माछापुच्छ्रे गाउँपालिका**

**कास्की जिल्ला, ४ नं. प्रदेश**

**विषय :-** ............................................... ।

१. विषयको संक्षिप्त व्यहोरा :-

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-

**नोट :** प्रस्ताव तयार गर्दा देहायका कुराहरुमा ध्यान दिनुपर्ने छ :-

१. “विषयको संक्षिप्त व्यहोरा” अन्तर्गत रहने विबरण :-

विषयबस्तुको पृष्ठभूमीमा यसबारे पहिले कुनै निर्णय भएको भए सोको विबरण, प्रस्तावित निर्णय कार्यान्वयन प्रकृया, समयावधी, कार्यक्षेत्र, कार्यान्वयन गर्ने शाखा

२. “प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा” अन्तर्गत कार्यपालिका समितिहरु र अन्य निकाय तथा विशेषज्ञहरुले कुनै परामर्श दिएको भए सो समेत

३. प्रस्ताव छलफल गर्नु पर्नाको कारण